कालीगण्डकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा

आ.व. २०८०/८१ को

# तेस्रो चौमासिक प्रतिवेदन

२०८० श्रावण देखि २०८१ असार मसान्तसम्म

कालीगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बिर्घा स्याङ्जाको आ.व. २०८०/८१ को एक वर्षको अवधिसम्म सम्पादन गरेका सेवा प्रवाह तथा विकासात्मक कामहरुको भौतिक तथा वित्तीय प्रगती संक्षिप्त विवरण तपसिल बमोजिम रहेको छ।

## शुसासन तथा संस्थागत विकासका क्षेत्रमा हासिल गरेका उपलब्धीहरु

- चौधौ र पन्ध्रौ गाउँसभाको बैठक बसि समयमै नीति, कार्यक्रम तथा बजेट पारित गरिएको।
- महालेखा परीक्षकको कार्यालयको ६१औ प्रतिवेदन २०८१ बमोजिम गाउँपालिकाको कुल कारोबार मध्ये बेरुजु ०.१० प्रतिशत रहेको छ। स्याङ्जा जिल्लाका गाउँपालिका र नगरपालिका मध्ये सबै भन्दा कम बेरुजु भएको पालिका रुपमा रहेको।
- न्यायीक समितिमा परेको उजुरी र मुद्दा अन्तर्गत गत आ.वको ३ वटा बाँकी मुद्दा र यो वर्ष दर्ता भएका ३ वटा मुद्दा गरी ६ वटा मुद्दा मध्य ६ वटा फछर्यौट भइसकेका छन्।
- गाउँपालिकाको सामाजिक र आर्थिक विषयवस्तु समेटी तथ्याङ्कीय विश्लेषण गरेर स्थानीय आर्थिक सर्वेक्षण प्रकाशन गरिएको छ। ।
- आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम निर्माणमा टोल भेला मार्फत नागरिकको सहभागीता गराईएको र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएका सम्पूर्ण समितिहरुको बैठक र निर्णयबाट तयार पारिएको।
- खानेपानी तथा स्वच्छता गुरु योजना निर्माणको लागि वडा स्तरमा डाटा संकलन गर्ने काम सम्पन्न भएकोछ।
- गाउँपालिकाको डिजिटल भिलेज प्रोफाई निर्माण गरी online प्रकाशन समेत गरिएकोछ।
- गाउँपालिका सार्वजनिक सरोकारका सूचना, निर्णय, वित्तिय प्रतिवेदन, योजना, बजेट गाउँपालिकाको वेवसाईट kaligandakimunsyangja.gov.np र फेसबुक पेज facebook.com/kaligandaki.gaupalika.3 मा नियमित अपडेट गरिएकोछ।

- गाउँपालिकाका तथा वडा कार्यालयहरुबाट चैत मसान्तसम्म संकलन भएको राजश्वको विवरण निम्मबमोजिम छ।

| **कार्यालय** | **संकलन भएको रकम** |
|---|---|
| गाउँपालिकाको कार्यालय | ७३,५१,७७१.२४ |
| **वडा नं १ को कार्यालय** | ७,६०,९२०.८८ |
| वडा नं २ को कार्यालय | ५,०७,७४१.३४ |
| वडा नं ३ को कार्यालय | ५,५२,२३३.६९ |
| वडा नं ४ को कार्यालय | ५,५२,३७४.४७ |
| वडा नं ५ को कार्यालय | ४,७३,१५३.६६ |
| **वडा नं ६ को कार्यालय** | ४,२४,६९८.२६ |
| वडा नं ७ को कार्यालय | ६,७२,६०५.३८ |
| **जम्मा** | १,१२,९५,४९८.९२ |

- चौथो त्रैमासिकसम्ममा ३२४७ जना लाभग्राहीको रु १२,७१,२७,६४० /- निकासा गरी सम्बन्धित लाभग्राहीको बैंक खातामा EFT मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ।
- नेपाल सरकार गृह मन्त्रालयको केन्द्रीकृत नागरीकता सूचना प्रणालीको प्रयोगबाट सम्पुर्ण वडा कार्यालयबाट अनलाईन माध्ययमबाट नागरिकता सिफारिस प्रदान गर्ने कार्यको सुरुवात गरीएको छ। चौथो त्रैमासिकमा कुल ९ जनाको नागरिकताको सिफारिस अनलाईन प्रणाली मार्फत गरीएको छ।

- गाउँपालिका अन्तर्गतका सात वटा वडा कार्यालयहरुबाट प्रदान गरेका सेवाहरु

| **प्रदान गरिएको सेवा** | **लाभग्राही** |
|---|---|
| नागरिकता सिफारिस संख्या | ६९२ |
| घरबाटो सिफारिस संख्या | १९४ |
| नाता प्रमाणित संख्या | ५६९ |
| जन्मदर्ता संख्या | ६२२ |
| मृत्युदर्ता संख्या | २४४ |
| बसाईसराईको गरिजानेको सिफारिस संख्या | ८३ |
| बसाईसराईको गरि जानेको परिवार संख्या | ८३ |
| बसाईसराईको गरि जानेको व्यक्तिको संख्या | २९० |
| बसाई आउने परिवार संख्या | ७ |
| अन्य सिफारिस संख्या | ६४२८ |
| वडा योजना संख्या | २४९ |
| योजना सम्झौता संख्या | २४६ |
| योजना भुक्तानी सिफारिस | २७६ |
| वडा कार्यालयबाट उठेको जम्मा राजश्व | ३९४३७२७ |

## वित्तिय विवरण

# आर्थिक वर्ष २०८०/८१ को आय र व्ययको विवरण

<u>आय तर्फ</u>

- आर्थिक वर्ष २०८०/८१ मा निम्न बोमोजिमको तह र स्रोतबाट गरी जम्मा रु ५७,४६,९८,९३१.९६ आम्दानी भएको
- संघीय सरकारबाट प्राप्त समानिकरण, शर्सत, विषेश र समपुरक अनुदान गरी रू ३४,०२,०८,९७३
- प्रदेश सरकारबाट प्राप्त समानिकरण, विशेष र समपुरक अनुदान गरी रु २,०१,३३,५००/-
- राजस्व बाँडफाँड संघ र प्रदेश तथा जलविद्युत र वन रोयल्टी गरी रु १२,४८,९०,०६०.२६
- आन्तरिक राजस्व १,१२,९५,४९८.९२
- बैंक मौज्दात ७,८१,७०,८९९.७८

**व्यय तर्फ**

- आर्थिक वर्ष २०८०/८१ मा संशोधन सहित जम्मा रु ५९,६७,०३,४९९.७८ बजेट विनियोजन भएकोमा ८१.३९ प्रतिशत खर्च भएको छ ।

आर्थिक वर्ष २०८०/८१ को कुल बजेट मध्ये चालुमा रु ३७,५१,८४,७५४ विनियोजन भएकोमा रु ३१,४१,५६,१९४.९४ अर्थात ८३.७३ प्रतिशत खर्च भएको थियो भने पूँजिगत तर्फ विनियोजित बजेट रु २२,१५,१८,७४५.७८ मध्ये रु १७,१५,५७,९३४ अर्थात ७७.४५ प्रतिशत खर्च भएको छ ।

## भौतिक पूर्वाधार विकास क्षेत्रमा भएका उपलब्धीहरु

- सडक, पुल तथा यातायात

  कालीगण्डकी गाउँपालिका भित्र ४८ किमि कालोपत्रे पक्की सडक, २४ किमी ग्राभेल सडक, १४० किमी कच्ची सडक, ९ वटा झोलुङ्गे पुल, ३ मोटरेबल पक्की पुल विगतका विभिन्न आर्थिक वर्षहरुमा संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा निर्माण भएका छन् भने ५ वटा पुल निर्माणाधिन अवस्थामा रहेकोछन् ।

चालु आ.व. २०८०/८१ को तेस्रो चौमासिक सम्म तीन वटा सडक योजनाहरु छाप दब्छे पोखरडाँडा सुलसुले सडकको पहिलो खण्ड, हटिया रानीघाट सडकको पहिलो खण्ड र हटिया चिउरीबोट सडक खण्डको निर्माण कार्य सम्पन्न भई ७ किमी बाटोमा चौडाई बढाउने, रिटेन्सन वाल निर्माण, नाली निर्माण, कालोपत्रे तथा अन्य कामहरु गरि अन्तिम बिलको समेत भुक्तानी भईसकेकोछ।

चालु आ.व. २०८०/८१ को तेश्रो चौमासिक अवधीमा गाउँपालिका भित्रका विभिन्न वडाका ७ वटा सडक योजनाहरुको ठेक्का लगाई काम शुरु गरिएको छ। जसमा हटिया- रानीघाट सडकको दोस्रो खण्डमा १५०० मी बाटो विस्तार, नाली तथा वाल निर्माण गरि ८५ प्रतिशत भौतिक र ८१.१९ प्रतिशत वित्तिय प्रगती हासिल गरिएकोछ। छाप- दब्छे- पोखरडाँडाँ- सुलसुले सडकको तेस्रो खण्डमा १५०० मी बाटो विस्तार, नाली तथा वाल निर्माणको काम गरि ६० प्रतिशत भौतिक र ५१.०७ प्रतिशत वित्तिय प्रगती हासिल गरिएकोछ। जैपते-लिहाक-इमसिल सडकको १५०० मी बाटो विस्तार, नाली तथा वाल निर्माणको काम गरि ९५.०७ प्रतिशत भौतिक र ९५.०७ प्रतिशत वित्तिय प्रगती हासिल गरिएकोछ।
बेल्टारी भित्री सडक तथा लिहाक सडक ढलान , रुद्रवेणी-ठाटीभञ्याङ सडक स्तरोन्नती, जैपते – लिहाक – इमसिल सडकको दोस्रो खण्डको निर्माण सम्पन्न भई भुक्तानी भएकोछ।

- साना तथा ठूला सवारी साधनहरु सहजरुपमा सञ्चालन हुने गरी ग्रामिण तथा कृषि सडकहरुको विभिन्न कारणले अवरोध भएका सडकहरुको सरसफाई तथा मर्मत नियमित रुपमा गर्ने गरिएकोछ।

- छाप दब्छे पोखरडाँडा सुलसुले सडकको दोस्रो खण्डमा २ किमी सडक संरचना निर्माण भएकोछ र ५० प्रतिशत भौतिक र वित्तिय प्रगती भएको छ।

- गहलाम घरिपोखरा झाँगेदेउराली सडकको निर्माण कार्य सम्पन्न भई Final Bill को समेत भुक्तानी भएकोछ। जसमा १८०० मि. बाटोको स्तरोन्नती, नाली, रिटेन्सन वाल निर्माण गरीएकोछ।

- घदिपोखारा मगरपँधेरा चिफलडाँडा सडकको निर्माण कार्य सम्पन्न भई Final Bill को समेत भुक्तानी भएकोछ। जसमा ५०० मि. बाटोको स्तरोन्नती, नाली, रिटेन्सन वाल निर्माण गरीएकोछ।

- गाउँपालिका भित्रका ग्रामिण तथा टोल बस्तीका सडकहरुलाई स्तरोन्नती र ढलान गरी सडकलाई सुरक्षित, भरपर्दो बनाउनको लागि विभिन्न वडाका सडकहरुमा ढलान गर्दै आएका छौ। चालु आवको दोस्रो चौमासिक सम्म किपटदेखि तिनमुखे पुलसम्मको मोटरबाटो, देउराली रानीघाट सडक स्तरोन्नती, बारीचौर वैघा सडक, खहरे गोक्रुङ्गा सडक, कृषि जौबारी सडक, मिर्मी बजार देखि फूलबारी चोकसम्म सडकहरुको ढलान तथा स्तरोन्नती गरिएकोछ।

## आवास, भवन तथा शहरी विकास

- गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक भवन, सरकारी कार्यालय, विद्यालयहरुको भवनमा भुकम्प प्रतिरोधात्मक प्रविधीको प्रयोग अनिवार्य गरिएको छ।
- वडा नं. ७ मिर्मी बजारमा ढल निकासको काम गरिएकोछ।
- भवन निर्माण कार्य भैरहेका बहुवर्षिय योजनाहरुमा ३ नं वडा कार्यालय भवन र स्वास्थ्य चौकी निर्माणको आ.व. २०८०/८१ को तेश्रो चौमासिक सम्म क्रमश ८० र ८० प्रतिशत वित्तिय तथा भौतिक प्रगती भएकोछ।
- वडा नं ४ को वडा कार्यालय घेराबारको काम सम्पन्न भई भुक्तानी समेत भएकोछ।

## विद्युत र उर्जा

- गाउँपालिकाका सम्पूर्ण ४७५७ घरधुरीहरुको न्यूनतम २० युनिट सम्मको बिजुलीको महसुल गाउँपालिकाको कार्यालयले भुक्तानी गरेको।
- आ.व. २०८०/८१ को तेस्रो चौमासिक सम्म १२८ वटा विद्युतीय चुलो वितरण गरिएकोछ भने आ.व. २०७९/८० मा १६२ गरी हालसम्म जम्मा २९० वटा विद्युतीय चुलो वितरण गरिएकोछ।
- गाउँपालिका भरी सम्पूर्ण बस्तीमा काठको पोल पूर्णरुपमा विस्थापन गरिएकोछ।
- गाउँपालिकाको सबै घरधुरीमा बिजुली बत्ती पुर्याईएकोछ।
- गाउँपालिकाको कार्यालय र सात वटै वडा कार्यालयमा बिद्युत ब्याकअप जडान गरिएकोछ।
- मुख्य मुख्य सडक र चोकहरुमा सडक बत्ती जडान गरिएकोछ।

## सूचना तथा सञ्चार प्रविधी

- गाउँपालिकाको लेखा प्रणाली, पेरोल, अडिटिङ, जिन्सी चुस्त र दुरुस्त राख्न sutra, ipfms, pams, nams software को नियमित प्रयोग गरिएकोछ ।
- सबै वडा कार्यालय र गाउँपालिकाको वडा कार्यालयबाट राजश्वको लेखांकन, प्रतिवेदन, बैंक दाखिलाको लागि Revenue module software को प्रयोगलाई अनिवार्य गरिएकोछ ।
- वडा कार्यालय र अस्पतालमा सिसि क्यामेरा जडान गरी गाउँपालिकाको कार्यालयबाटै अनुगमन हुने व्यवस्था गरिएकोछ ।
- विद्यालय र स्वास्थ्यको तथ्याङ्क संकलन, प्रतिवेदन निर्माणको लागि EMIS र HMIS को नियमति प्रयोगलाई अनिवार्य गरिएकोछ ।
- गाउँपालिका भित्रका सबै सरकारी कार्यालय, विद्यालय, स्वास्थ्य चौकीहरुमा फाइबर ब्याडविथ इन्टरनेटको पहुँच पुर्याईएकोछ ।
- डिजिटल भिलेज प्रोफाइल तयार पारिएको छ ।

- गाउँपालिकाबाट आ.व. २०८०/८१ मा सात वटा वडाहरुमा २४९ वटा वडाका योजनाहरुमा बजेट विनियोजन गरिएकोमा असार मसान्तसम्ममा २४६ वटा योजनाहरुको उपभोक्ता समितिहरुले भुक्तानी लिएका छन् । १६ वटा आयोजनाहरुको ठेक्का मार्फत सञ्चालन भएकोमा चालु आ.व.को असार मसान्तसम्म ६ वटा आयोजना सम्पन्न भई अन्तिम बिल भुक्तानी भएको छ ।

## आर्थिक विकासका क्षेत्रमा भएका मुख्य उपलब्धीहरु

### कृषि, खाद्य सुरक्षा तथा सिँचाई

- टोलटोलमा नर्सरी घरघरमा करेशाबारी भन्ने कालीगण्डकी गाउँपालिकाको नीति बमोजिम कृषकलाई खेति प्रविधि सिकाउनु र अर्गानिक ताजा उत्पादनमा प्रोत्साहन गर्न ताजा तरकारी उत्पादन कार्यक्रमलाई निरन्तरता दिईदै आएका छौ । यस आर्थिक वर्षमा गाउँपालिका भित्रका ७ ओटै वडामा २०८० भाद्र देखि कार्तिक महिनामा करीव १ लाख ५० हजार बेर्ना हिउदे तरकारी बाली अन्तर्गत काउली, बन्दा, ब्रोकाउलीको नर्सरी स्थापना गरी वितरण गरिएको थियो भने , फाल्गुन देखी बैशाख सम्ममा २० हजार लहरे तरकारी बालीका बेर्ना वितरण गरिएको छ जसबाट करीव ७०० घरधुरी लाभान्वित भएका छन् ।

- गहुँ बालीको उत्पादन वृद्धी गर्नको लागि विगतका आर्थिक वर्षहरुमा जस्तै यस चालु आ.व. २०८०/८१ मा पनि ५०% अनुदानमा ५८०० किलोग्राम गौतम जातको गहुँको बिउ ४१५ कृषकलाई वितरण गरिएको छ । डेसिस सिस्टमा आवद्धता भई चितवनबाट उन्नत जातको गहुँको बिउ खरिद गरी वितरण गरिएको हो ।

- पुष्प खेतीको विस्तार, बजारिकरण गरी किसानहरुको आर्थिक आय आर्जनको भरपर्दो माध्यम बनाउनको लागि गाउँपालिकाले ५०% अनुदानमा व्यवसायिक फूल खेती कार्यक्रम विगतका वर्षहरु देखि सञ्चालन गर्दै आएको छौ । आ व २०७८/७९ मा ५ रोपनी जग्गा लिजमा लिई सुरुवात गरिएकोमा २०८०/८१ मा आइपुग्दा गाउँपालिका, कृषक र विद्यालय गरि ६० रोपनी क्षेत्रफलमा सयपत्री फूल खेति गरिएको थियो । कार्यालयले प्रदान गर्ने अनुदानको ग्राह्यताका लागि न्युनतम २ रोपनी क्षेत्रफल हुनुपर्ने शर्त राखिएको थियो भने लागतको ५०% वा बढिमा रु ९०००/- अनुदान प्रति किसानलाई प्रदान गरिएको छ । १६ कृषक तथा समुह आवद्धता भई गाउँपालिकाको प्राविधिक सहयोग र बजारीकरणमा करिब रु ३० लाख बराबरको फूल बिक्री गर्न सफल भएका छौ ।

- गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रममा कालीगण्डकी गाउँपालिकाले पेश गरेको प्रस्तावना स्वीकृत भई रु ९०लाख बराबरको आयोजनामा सम्झौता भएकोछ । जसमा गाउँपालिका भित्र रहेका बाझो जमिनको सदुपयोग गरी रोजगारमूलक उत्पादन, प्रविधियुक्त प्रशोधन र एकीकृत बजारीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछन् । वडा नं ३, ५, र ७ को ६२ रोपनी जग्गा ५ वर्षको लागि भाडा लिने सम्झौता भई खनजोत र मलको व्यवस्था गरिएको, ८४ जना कृषि श्रमिकको छनौट गरिएकोछ भने कृषि सामाग्री र कोल्ड स्टोर निर्माणको लागि बोलपत्र सूचनाको आह्वान गरिएकोछ ।

- आमा, गर्भवती तथा सुत्केरीहरूको पोषण सुधार आयोजना अन्तर्गत सितलचिनी, कुरीलो र तरकारी बाली वितरण गर्नको लागि करिव ४० हजार बोट कुरिलो, १६०० बोट सितलचिनी र १०००० बोट तरकारी बालीको नर्सरी स्थापना गरिएकोछ ।

- २०८० चैत महिनामा ७५० कृषक परिवारलाई ५ हजार किलो मकैको विउ ५० प्रतिशत अनुदानमा वितरण गरिएकोछ ।

- वडा नं ५ मा २४ क्विन्टल, वडा नं. ७ मा ३४ क्विन्टल आलुको बिउ वितरण गरिएकोछ ।

- कालीगण्डकीको पानीले गाउँपालिका भित्रका खेतीयोग्य जमिन, फाँट, टार सिँचाई गर्ने नीति अनुरुप गत आ.व. २०७९/८० र चालु आ.व २०८०/८१ मा गरी चार वटा लिफ्टीङ सिँचाई योजनाहरुको ठेक्का सम्झौता भई निर्माणको क्रममा रहेकाछन् । टंलहेवा लिफ्टिङ सिँचाई, प्यूघा लिफ्टिङ सिँचाई, बारीचौर लिफ्टिङ् सिँचाई र मिर्मी फाँट लिफ्टिङ् सिँचाई आयोजनाहरुमा इनार, ट्की, पाइपलाईन, हाइटेसन लाइन निर्माणको कामहरु भइरहेकोछन् । भने विर्घाटार लिफ्टिङ्ग सिँचाई योजना सम्पन्न गरी करिब १२० रोपनी जग्गामा सिँचाई सुविधा उपलब्ध गराईएकोछ ।

## पशुपन्छी विकास

- पशुपंक्षिमा लाग्ने लम्पी स्किन, पिपिपि आर लगाएतका महामारी, आकस्मिक रोग नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिएकोछ ।
- पशुमा लाग्न सक्ने महामारी रोगहरुबाट बचाउन ७ वटै वडा कार्यालयमा भ्याक्सिनेसन कार्यक्रमहरु सञ्चालन भैरहेकोछ ।
- ५४ वटा गाई भैसीमा कृत्रिम गर्भाधान गरिएकोछ ।
- १० वटा मत्स्य फर्मलाई माछाका भुरा वितरण गरिएको छ ।
- ३०० विरुवा चिउरी, ९०० विरुवा अमला र ५०० विरुवा तेजपत्ता गरी १७०० विरुवा वितरण गरिएकोछ।
- गाउँपालिका र हेफर प्रोजेक्ट बीच साझेदारी सम्झौता गरी पशुपन्छी विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन भएकोछ जसमा २५९ वटा बाख्रा र बोका, १७० वटा बंगुर, १२ वटा भैसी, ३ वटा गाई वितरण गरिएकोछ । ४००० बोट राइखनियोको विरुवा वितरण , १३१ वटा बाख्रा र बंगुरको खोर निर्माण, २७ वटा भकारो सुधार कार्यक्रम सञ्चालन गरिएको छ ।

## पर्यटन र संस्कृती

- गाउँपालिका भित्र रहेका प्रमुख धार्मिक तथा ऐतिहासियक पर्यटकीय स्थलहरुमा आवश्यक पूर्वाधार निर्माण, प्रचार प्रसारको लागि गाउँपालिकाले संघ र प्रदेश सरकारसँग सहकार्य गरी विभिन्न योजनाहरु सञ्चालन भएकाछन् ।
- गाउँपालिका भित्रका विभिन्न मठ मन्दिरको संरक्षण र निर्माणको लागि हरेक वर्ष बजेट विनियोजन गर्दै आएकोछ ।
- गाउँपालिका भित्रका मगर समुदायको भाषा, विभिन्न लोक संस्कृतीहरु ययुनाट, जुनुमामा जस्ता नृत्यहरु संरक्षणको लागि आर्थिक सहयोग गर्दै आएकोछ ।
- मगर दिवसको अवसरमा फागुन १५ गते गाउँपालिका भरी सार्वजनिक बिदा दिईएको ।

## उद्योग व्यापार तथा व्यवसाय

- रोजगारीका अवसर सिर्जना गर्न, महिलाहरुलाई आर्थिक रुपमा सक्षम वनाउन, स्थानिय स्रोत साधनको प्रयोग गरी गरिवि निवारण गर्न आव २०८०/८१ को असार मसान्त सम्म नयाँ लघु उद्यमि तर्फ वडा नं.६मा डलकुशन तालिममा १८ जना उद्यमी र सरफ, साबुन, हारपिक बनाउने तालिममा १० जना उद्यमी सहभागी भएकाछन् ।

- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत स्तरोन्नती तर्फ सिलाई कटाई तालिम कालीगण्डकी गाउँपालिका वडा न. २को लसर्घा  मा सञ्चालन भएको छ। उक्त तालिममा ८ जना र व्यूटी पार्लर तालिममा १० जना उद्यमीहरुको सक्रिय रुपमा सहभागिता रहेकोछ  ।
- वडा नं. ५ भपेङ्गमा रहेको औद्योगिक ग्रामको आवश्यक पूर्वाधार अन्तर्गत ट्रस निर्माणका लागि पहिलो चौमासिक अवधीमा विद्युतीय बोलपत्र आह्वान गरि  ठेक्का सम्झौता भएकोमा दोस्रो चौमासिकमा निर्माण कार्य सम्पन्न भई Final Bill को भुक्तानी समेत भएको छ।
- गाउँपालिका भित्रका  उद्यमीहरुद्वारा उत्पादित विभिन्न कृषि सामाग्री, प्याकेजिङ्, हस्तकलाका सामाग्रीहरुको प्रदर्शनी गराई उत्कृष्ट उत्पादन गर्ने उद्यमीलाई ४ वटा विधामा पुरस्कृत गरिएको थियो। उक्त कार्यक्रममा ५७ जना उद्यमीले सामाग्री प्रदर्शन गर्नुभएको थियो।

**रोजगार सेवा केन्द्र**

- कालीगण्डकी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत ७४२ जना बेरोजगार युवाहरु मध्ये आ.व. २०८०/८१ को असार मसान्तसम्म ८८ जना युवाहरुलाई रोजगार प्रदान गरिएकोछ। वैदेशिक रोजगारमा जाने ५५ जना नागरिकहरुको श्रम स्वीकृती फाराम भरीएकोछ।
- रोजगार सेवा केन्द्रबाट रु १,१७,५१,०००/-  लागत अनुमान गरिएका २५ वटा योजनाहरु मध्य असार मसान्त सम्म २४ वटा योजनाहरुको कार्यसम्पन्न भएकोछ। जसबाट ७७७१ दिन रोजगारी सृजना भएको छ।

## सामाजिक विकासका क्षेत्रमा भएका मुख्य उपलब्धी

### जनस्वास्थ्य तथा पोषण

- गाउँपालिका भित्रका सम्पर्ण नागरिकहरुको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत वार्षिक ५४०३ घर परिवारको नागरिक स्वास्थ्य बीमा गरिएको ।रकम रु १६९५०१५०।
- वैघा स्वास्थ्य चौकी भवनको आ.व. २०८०/८१ को तेस्रो चौमासिक सम्म क्रमश ८० र ९० प्रतिशत वित्तिय तथा भौतिक प्रगती भएकोछ ।
- गाउँपालिकाले आन्तरिक लगानीमा सञ्चालन गरेको कालीगण्डकी अस्पतालबाट तेस्रो चौमासिकसम्म २२८१६ जना र अन्य स्वास्थ्य चौकीहरुबाट ३७४८ जना गरी जम्मा २६५६४ जना विरामीहरुले सेवा लिएकाछन् ।
- अस्पतलाबाट प्रदान गरिने सेवामा १४४२ जना इमर्जेनसी सेवा, ३५६५ जना एक्सरे सेवा, १६९८६ जना प्रयोगशाला सेवा, १९६१ जना युएसजी र इसिजी सेवा, ६ जनाले निशुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका छन् ।
- नागरिक आरोग्य केन्द्रबाट आयुर्वेदिक एवं परम्परागत उपचार पद्धतीबाट गरिने स्वास्थ्य सेवा निरन्तररुपमा प्रदान गरिदै आईएकोछ ।
- कालीगण्डकी अस्पतालको भवन निर्माण कार्यमा १० प्रतिशत भौतिक प्रगती भएकोछ ।
- स्तनपान संरक्षण तथा सम्बर्धन सप्ताह सञ्चालन सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको जसमा ३६५ जना आमाहरुको सहभागीता रहेको थियो ।
- पोषणमैत्री कार्यक्रम अन्तर्गत महिला शिक्षकहरलाई पोषण तथा प्रजन्न स्वास्थ्य सम्बन्धी अन्तक्रिया अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।
- नसर्ने रोग तथा विभिन्न दिवसहरु अन्तर्गतको रेबिज दिवसको असवरमा जुनोटिक तथा रेबिज सम्बन्धी स्वास्थ्यकर्मी र शिक्षकहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।रेबिज विरुद्धको खोप कालीगण्डकी अस्तापलबाट निःशुल्क उपलब्ध गराइएकोछ ।
- हरेक महिनाको ५ गते स्वास्थ्य संस्थाहरुको मासिक रुपमा बैठक बसि विभिन्न समस्याको बारेमा छलफल, समिक्षा, सुचना संकलन, डाटा भेरिफिकेशन गुणस्तर सुधारका कामहरु गरिएकोछ ।
- विधुतीय स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली eHMIS सफ्टवय सम्बन्धी स्वास्थ्यकर्मीहरुलाई २ दिने तालिम संचानल गरि सवै स्वास्थ्य संस्थामा विधुतीय स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली eHMIS लागु गरियो ।
- गाउँपालिका तथा वडाहरुमा सरोकारवालाहरुलाई पोषण उन्मुख नमुना बस्तीको अवधारणा तथा बहुक्षेत्रीय पोषण योजना सम्बन्धी अभिमुखिकरण र कार्ययोजना निर्माण कार्यक्रम सञ्चालन गरिएको ।
- गाउँपालिकाका स्वास्थ्य चौकीमा निःशुल्क वितरणको लागि औषधी खरिद गरिएको ।

- पालिका भित्रका सम्पुर्ण  गर्भवती महिलाहरुको घरमा सूचनामूलक जानकारी राखिएको फ्लेक्स ब्यानर टासिएको र स्वास्थ्य चौकीमा नियमित चेक जाँच गर्नको लागि निमन्त्रणा कार्ड दिई जानकारी गराईएको ।
- सुनौलौ हजार दिनका आमा र मध्यम खालको कुपोषण भएका शिशुहरुलाई लक्षित गरी अण्डा र लिटो वितरण गरिएकोछ । उक्त कार्यक्रममा ८०३ क्यारेट अण्डा र ७० केजी लिटो वितरण गरिएकोछ ।
- बाल पोषणमा सुधार ल्याउने उद्देश्यले  १००० दिनका आमा तथा बच्चाको घरका सासु तथा धामीझाक्री हरुलाई पोषण सम्बन्धी अभिमुखिकरण सञ्चालन गरिएकोछ ।
- कोभिड १९, दादुरा रुवेला खोप अभियान अन्तर्गत ४४११ जनालाई Pfizer vaccine लगाईयो
- प्रजनन रुणता र भिटामिन डी सम्बन्धी सचेतना मूलक कार्यक्रममा र पाठेघरको चेक जाँच र १००० जनालाई भिटामिन डीको भ्याक्सिन लगाउने कार्यक्रम सञ्चालन गरिएकोछ ।
- घर घरमा स्वास्थ्य परीक्षण कार्यक्रम अन्तर्गत LAB BAG को माध्यमबाट स्वास्थ्य कर्मी घरमै गएर ५९३५ जनाको ल्याब परिक्षण गरिएको छ ।
- सात वटै वडाहरुमा योग सम्बन्धी अभ्यास कार्याशाला गराईएको थियो । जसमा १७५ जना नागरिकहरु सक्रिय सहभागी भई ७ दिनसम्म योग आसान सम्बन्धी कक्षा लिनुभएको थियो ।
- चण्डीभञ्ज्याङ्ग स्वास्थ्य चौकी र आलमदेवी स्वास्थ्य चौकीलाई आवश्यक सुचकहरु पुरा गरि पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ ।
- पालिका भित्रका ९८ जना बालबालिकाले २४ पटक वृद्धि अनुगमन गरेका बालबालिकालाई सम्मान सहित प्रमाण पत्र वितरण गरिएको छ ।
- ५२७ जना सुनौला हजार दिनका महिलाई सरसफाई सहितको झोला वितरण सहित पोषण शिक्षा र सरसफाई सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गरिएको छ ।
- २ वर्ष मुनिका बालबालिकालाई  MUAC द्वारा पाखुराको नाम गरि कुपोषण पत्ता लगाईयो र किशोरीहरुको Anaemia Test गरि HB कम भएका किशोरीहरुलाई उपचारमा ल्याइएको ।
- ५३० जना सुनौला हजार दिनका आमाहरुलाई कुरिलो र सितल चिनीको विरुवा वितरण सहित अभिमुखिकरण कार्यक्रम गरिएको ।
- जङ्गक फुड न्युनिकरणका लागि विद्यालयहरुमा टिफिन बक्स ४५० जना विधार्थीहरुलाई वितरण गरिएको छ ।
- गर्भवती र सुत्केरी महिलाहरुलाई निः शुल्क क्याल्सियम वितरण गरिएको छ ।
- बाल पोषण भत्ता सम्बन्धी  छ वटै वडामा अभिभावकहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- पोषण बृत्त चित्र निर्माण गरिएकोछ ।
- वडा न ६ को छाप  र अस्पतालमा डिजिटल होडिङ्ग वोर्ड राखिएको छ ।

- बाल विवाह कुपोषण तथा सामाजिक कुप्रथा सम्बन्धी नाटक अभियान सात वटै वडाका विद्यालयहरुमा प्रदशनी गरिएको ।
- सवै स्वास्थ्य संस्थाहरुलाई तौल मेसिन प्रदान गरिएको ।

## शिक्षा, कला, भाषा तथा साहित्य

- विद्यालयमा दिइने अनुदान तथा निकासाहरु समयमै निकास हुने गरेको ।
- चौथो त्रैमासिक सम्म शिक्षक तलब निकासा भएको ।
- चौथो त्रैमासिक सम्म दिवा खाजा निकासा भएको ।
- यस आर्थिक वर्षमा पठन सिप सम्बन्धी ३ वटा तालिम सम्पन्न भएकोछ । जसमा जम्मा २२ वटा विद्यालयक ४४ जना शिक्षकहरु सक्रिय रुपमा सहभागिता भएको थियो ।
- सबै सामुदायिक विद्यालयहरुमा सिकाइ आपूरण सम्बन्धी कार्यक्रम लागु भइ सम्पन्न भएको
- परीक्षणका रुपमा टोल सिकाइ कार्यक्रम शुरुवात गरीएको जुन ज्यादै प्रभावकारी रहेको।
- गाउँपालिका भरिका ६ वटा विद्यालयहरुलाइ स्रोत केन्द्र तोकि वडा नं ७ बाहेक अन्य ६ वटा वडाहरुका ६ स्थानहरुमा टोल सिकाइ कार्यक्रम सञ्चालन भएको ।
- विद्यालयहरुमा लेखा शाखामा कार्यरत कर्मचारी तथा प्र .अ.हरुलाई कर तथा सञ्चयकोश रकम अनलाइन इन्ट्रि सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- विद्यालयमा Happiness Program लागू गर्न गाउँपालिकाका विभिन्न विद्यालयका ७ जना शिक्षकहरुलाई भारतको नयाँ दिल्लीमा तालिम तथा सिकाइको लागि पठाईएको ।

## खानेपानी सरसफाई तथा स्वच्छता

- आ.व. २०७९/८० सम्म गाउँपालिका भित्रका ४२६२ घरधुरीमा एक घर एक धारा जडान गरिएको छ भने चालु आ.व.को असार मसान्तसम्म खानेपानीका आयोजनाहरुको रु ६२,०६,१०१/- मा ४ वटा योजनाको काम सम्पन्न भएको छ। उक्त चार वटा योजनाहरुले ७२ घरधुरीलाई समेटी जम्मा ४३३४ घरधुरीमा धारा जडान गरिएको छ।

## महिला बालबालिका तथा संरक्षण

- कालीगण्डकी गाउँपालिकामा लैङ्गिक तथा समाजिक विभेद तथा वन्चितिकरणमा परेका नागरिकहरुको आर्थिक, सामाजिक सशक्तिकरण, नेतृत्व तथा क्षमता विकास, सुसुचित तथा हिंसा रहित समाजको

निर्माणमा सहयोग पुर्याउने उद्देश्यले ३३ औ अन्तराष्ट्रिय ज्येष्ठ नागरीक दिवसको अवसरमा सम्मान तथा स्वास्थ्य परीक्षण कार्यक्रममा २०० जना जेष्ठ नागरिकलाई लौरो वितरण गरिएको , ३२ औ अन्तराष्ट्रिय अपांगता दिवस , नेतृत्व विकास सम्वन्धी अन्तर्क्रिया कार्यक्रम, लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रमहरु सञ्चालन गरिएको जसमा विभिन्न समूहहरुद्वारा जनचेतनामूलक नाटक गीत कविता प्रस्तुत गरीएको थियो ।

- अन्तरार्ष्ट्रिय नारी दिवस को अवसरमा उत्पादन प्रदर्शनी तथा सम्मान कार्यक्रम सञ्चालन गरिएको ५७ समुहका उद्यमीद्वारा उत्पादित साम्रगीको प्रदशनी गरी उत्कृष्टलाई पुरस्कृत गरिएको थियो ।
- ७ वटै वडाका महिला मञ्चलाई नेतृत्व विकास, क्षमता अभिवृद्धि तथा वित्तिय साक्षरता तालिम सञ्चालन गरि महिलाहरुको उद्बोषण विकास गर्नका लागि ७ वटै वडामा ट्रली स्पिकर वितरण गरिएको ।
- ग वर्गका ४१ जना अपाङ्गता भएका व्यक्तिलाई मौरीको घार वितरण गरिएको ।
- अपाङ्गता परिचय पत्र वितरणको विवरण ।

| क्र.सं. | अपाङ्ग परिचय पत्रको प्रकार | वर्ग | २०८०/०८१ असार मसान्तसम्म |
|---|---|---|---|
| 1. | रातो | क | १ |
| 2. | निलो | ख | १३ |
| 3. | पहेंलो | ग | ५ |
| 4. | सेतो | घ | १ |
| जम्मा | | | २० |

- ज्येष्ठ नागरिक परिचयपत्र आ.व. २०८०/८१ को असार मसान्त सम्म ३३ वटा वितरण भएकोछ ।

## युवा र खेलकुद

- राष्ट्रपति रनिङ्ग शिल्ड सम्पन्न भएको र जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड मा मुख्य तथा समूह मा खेलिने खेलहरु महिला तथा पूरुष भलिबल /कपर्दि आदिमा उत्कृष्ट प्रदर्शनका साथ प्रथम स्थान हासिल गर्न सफल भएको तथा प्रदेश स्तरिय खेलका लागि समेत खेलाडिहरु छनौट हुन सफल भएका ।
- पाँचौ अध्यक्ष कप कालीगण्डकी खेलकुद महोत्सव २०८०, मंसिर २९ देखि पुष १ गते सम्म कालीगण्डकी गाउँपालिका वडा नं ७ मिर्मी वडा नं ५ भपेडमा सञ्चाल भएको थियो ।

- कार्यक्रम यस क्षेत्रका विभिन्न परिस्थितीमा वर्तमानको लोकतान्त्रिक गणतन्त्र व्यवस्था ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका पूर्व जनप्रतिनिधीहरु, नेपाल सरकारका उच्च ओहोदामा पुग्न सफल कर्मचारीहरु, शिक्षकहरु, उत्कृष्ट नतिजा ल्याउने विद्यालयहरु, राष्ट्रिय ख्यातीप्राप्त कलाकारहरुलाई सम्मान गाउँपालिकाद्वारा सम्मान गरिएको हो ।
- उक्त खेलकुद कार्यक्रममा २१ खेलमा ६१६ खेलाडीले भाग लिएका हुन् । खेलको उद्घाटन राष्ट्रीय सभाका सम्माननीय अध्यक्ष गणेश तिमिल्सिना ज्यूबाट भएको थियो ।
- क्लबहरुलाई अनुदान, खेलकुद सामाग्री वितरण, खेलमैदान निर्माण, जग्गाखरिदको लागि हरेक वर्ष बजेट विनियोजन गरिएकोछ ।